**अर्को आरम्भ**

भगवती बस्नेत

शालिन बिद्रोहको थालनी गर्छु
भत्काएर पुरातन मान्यताहरु
चाप र छापहरु
हटाएर मन मस्तिस्कबाट
म भित्रको "म "लाई प्रत्याभूत गर्दै
परम्परागत यो कुटिल
मानसिकतालाई
हुङ्कार दिदै
नविन युग उन्मेषको लागि
आँफैमा आमूल परिवर्तन चाहन्छु

टेकेर पाइला पृथ्वीमा
तोते बोलीको सुरुवातसँगै
प्रस्फुटित हुन खोजेका
बैयक्तिक स्वतन्त्रताहरुलाई
अंकुस लगाएर
संस्कारिक रङले धमिल्ल्याउदै
प्रतिबन्धित अवसरहरुसँगको
प्रत्येक असहज मोडहरुमा
समयको प्रवाहसंगै
भेटिने सुरुवात र अन्त्यहरूमा
बारम्बार जुध्न आउने
दृश्यहरूको क्यानभासले
मनका जिजिविषा भत्काउदै
फगत प्रश्न गर्छन्
अब देखि ति प्रश्नका जवाफ दिनु
नदिनुको अधिकार म आँफैमा
सीमित राख्न चाहन्छु ।

के अस्तित्व र औचित्य
मेरो शालीन त्यागको
जहाँ मैले मेरा चाहना
मेरो भावना कुण्ठित गर्नुपर्छ
आफु जलेर अरुलाई प्रकाश दिनुपर्छ
आफु हारेर अरुलाई जिताउनुपर्छ
प्रकाश र छायाँका झल्को जस्तै
मनभित्रका आवेगहरुलाइ
स्वाभिमानकासाथ
बिजयको हर्षोउल्लासले
रङिगिएको सभ्रान्त साँझ
हेर्न लालयित
झरिला जोवनका
रसिला रहरहरू
गुम्स्याउन उचित ठान्दिन्
नविन चेत र नयाँ
युगको शुभआरम्भमा
जुरुक्क उचालेर
म भित्रको ' म' लाई
नविन सोचको
सुनौलो बिहानी तर्फ
डोर्याउन चाहन्छु

- बल्खु, काठमाडौं
हाल इजराइल